**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. १७१

पुनरावेदन नं. ०७८-RB-०१२६

पुनरावेदन दर्ता मितिः २०७८।०७।२८

**मुद्दाः– मुल्य अभिवृद्धि कर (२०७२/०७३)।**

अत्तारी ट्रेड एण्ड सप्लायर्स (स्थायी लेखा नं. ३०१८१४९६६) को प्रोप्राइटर अब्दुल रम्जान मियाँ........................................................................१ } पुनरावेदक

**विरुद्ध**

मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल................................................ १ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं...............१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री अर्जुन प्रसाद भट्टराई
शुरु कार्यालयको निर्णय मितिः–२०७७।०९।२७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री झक्कप्रसाद आचार्य
निर्णय मितिः २०७८/०३/१३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री जुबिन निरौला खत्री,

प्रत्यर्थीहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकाश बन्जारा

**अवलम्वित नजीरः** ×

पुनरावेदक कम्पनीका हकमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७७/०९/२७ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको मिति २०७८।३।१३ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

<u>तथ्य खण्ड</u>

१. मध्यमस्तरीय करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री अत्तारी ट्रेड एण्ड सप्लायर्सको आर्थिक बर्ष २०७२।०७३ को मूल्य अभिवृद्धि कर तर्फको कर परीक्षण गर्ने सिलसिलामा प्राप्त भएको बिल विजक, मूल्य अभिवृद्धि कर, लेखा तथा खाता परीक्षण गरी पेश गरेको प्रतिवेदनको आधारमा कर, जरिवाना, व्याज र थप दस्तुर समेत जम्मा रू. ५,१४,२६४।- को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७७।०८।२३ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. उल्लिखित कर निर्धारण हुनु नपर्ने वा कुनै परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्नु भनी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएको उल्लिखित प्रारम्भिक कर निर्धारण आदेश करदाताको तर्फबाट मिति २०७७।८।२३ मा बुझिलिई लिई सोको जवाफ तोकिएको म्यादभित्र पेश नगरेको ।

३. करदाताको खरिद खाता र विक्री खाता तथा आय विवरण को अनूसूची १३ र मिसम्याचको भिडान तथा परीक्षण गर्दा करदाताले अन्य करदाताहरुलाई विक्री गरेको रकम अनूसूची १३मा कम विक्री देखाएको,विक्री खातामा समेत उल्लेख नगरेको तथा उक्त रकम बराबरको मेरो विक्री होईन भन्ने उक्त पार्टीहरुबाट कन्फरमेशन पत्रसमेत पेश गर्न नसकेको हुँदा करदाताले रु.४,९५,३८२।५४ को मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१) अनुसार मिति २०७७/०८/२३ को प्रारम्भिक कर निर्धारण आदेशबाट माग भएको जम्मा कर रु.२,००,७८४।०० जरिवाना रु.९१,६७६।०० मूल्य अभिवृद्धि कर ऐन, २०५२ को

दफा १९ अनुसारको थप दस्तुर रु. ८८,७८५।०० तथा दफा २६ अनुसारको ब्याज रु. १,३३,०१९।०० गरी जम्मा रु. ५,१४,२६४।०० र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ अनुसारको थप दस्तुर तथा दफा २६ अनुसारको ब्याज कम्प्युटर प्रणालीबाट गणना गर्ने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१)(ख)(घ) अनुसार कर निर्धारण गर्ने उक्त कर निर्धारण गर्नु नपर्ने मनासिव कारण तथा प्रमाण समेतको जवाफ तोकिएको म्याद भित्र पेश हुन नआएकोले करदाताको स्वीकृति रहेको देखिंदा मिति २०७७/०८/२३ को प्रारम्भिक कर निर्धारण आदेश अनुसार मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९ (३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७७।०९।२७ मा भएको निर्णय पर्चा।

४. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलले मिति २०७७।०९।२८ मा जारी गरेको आ.व. २०७२/०७३ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री अत्तारी ट्रेड एण्ड सप्लायर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।१२।०१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. निवेदकले दुर संचार कम्पनी लिमिटेडको कन्फर्मेशन पत्रहरु बमोजिम हिसाव मेल खाएको देखिएको हुँदा हिसाव मिसम्याच नरहेको व्यहोरा निवेदन गर्दछु भन्ने जिकिर लिएता पनि कर परीक्षणको क्रममा तथा प्रारम्भिक कर निर्धारण आदेशको जवाफमा समेत उक्त मिसम्याचलाई पुष्टि गर्ने प्रमाण कागजात तथा पुष्टयाई समेत पेश गर्न नसकेकोले कार्यालयले गरेको कर निर्धारण मनासिव नै देखिंदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर्छ ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।१३ मा भएको निर्णय।

६. आयकर ऐन, २०५८ को दफा ७ बमोजिम कुल रकम रु.४,९५,३८२।५४ लाई विपक्षी उक्त कार्यालयले मुनाफा र लाभमा समावेश गरी संशोधित आयकर निर्धारण गर्दै सो को हुन आउने मु.अ.कर बराबरको बिक्री विलविजक जारी नगरेको भनी बिक्री मानी उक्त कर रकममा रु.६४,३९९।७३ मु.अ.कर निर्धारण गरी सो रकममा शत प्रतिशत जरिवाना, थप दस्तुर, ब्याज समेत गणना गरी भएको निर्णय मध्ये नेपाल दुरसंचार कम्पनी लिमिटेडसँगको हिसाबमा रु.१,७०,६३८।५४ रकम मिसम्याच देखिएकोमा यस फर्मले पेश गरेको आय विवरण तथा उक्त नेपाल दुरसंचार कम्पनी लिमिटेडले मिति २०७३/०६/१९ र २०७३/०९/०७ मा जारी गरेको कन्फर्मेशन पत्रहरु बमोजिम हिसाब मेल खाएको देखिएको हुँदा नेपाल दुरसंचार कम्पनी लिमिटेडसँगको हिसाब मिसम्याच नरहेकोले विपक्षी कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकनमा महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण हुँदा सोलाई बदर गरी अन्तिम कर निर्धारण आदेश अनुसारको कर, जरिवाना समेतको कुनै रकम तिर्न नपर्ने गरी फैसला,

निर्णय गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट मिति २०७८।०७।२८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०७।०४ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री अत्तारी ट्रेड एण्ड सप्लायर्सका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री जुबिन निरौला खत्रीले मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिकाश बन्जाराले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानुनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फवाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको मुल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गरेको विभागको महानिर्देशकको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. करदाताबाट पेश भएको पुनरावेदन पत्र अध्ययन गर्दा एक मात्र पुनरावेदन जिकिर विक्री कम देखाएको भनी रु.४,९५,३८२।५४ को मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम अन्तिम कर निर्धारण गरेको निर्णय त्रुटीपूर्ण रहेको भन्ने देखिन्छ।मिसिल संलग्न मध्यमस्तरीय करदाता कार्यालयको प्रारम्भिक कर निर्धारण आदेश हेर्दा करदाताले रु.४,९५,३८२।५४ रकम बराबरको विक्री, बिल,बीजक जारी नगरेको विक्री मानी उक्त रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० अनुसार रु.६,४३,९९९।७३ मूल्य अभिवृद्धि कर निर्धारण गरी सो रकममा ऐ. ऐनको दफा २०(२) अनुसार शत-प्रतिशत जरिवाना दफा १९(२) अनुसार थप दस्तुर र दफा २६(२) अनुसार व्याज समेत गणना गरी कर निर्धारण हुनु नपर्ने सम्बन्धमा आफ्नो भनाई राख्न वा सफाई पेश गर्न वा सबुत प्रमाण

पेश गर्न मिति २०७७।८।२३ मा जारी सूचना करदाताको अख्तियारप्राप्त प्रतिनिधि लेखापाल जित बहादुर वि.क.ले मिति २०७७।८।२३ मा नै बुझेको भए पनि कानून बमोजिमको म्याद भित्र करदाताले ठोस जवाफ वा प्रमाण पेश गर्न सकेको देखिदैन। मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २० को उपदफा (१) मा देहायको कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था गर्दै खण्ड (घ) मा करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा र खण्ड (ज) मा बीजक जारी नगरी विक्री गरेमा भन्ने अवस्था समेत उल्लेख भएको पाइन्छ। यिनै करदाताको आ.व.२०७२।०७३ को आयकर तर्फ मध्यमस्तरीय करदाता कार्यालयले नेपाल दूर संचार कम्पनी लिमिटेड र पानस फर्मास्यूटिकल्स प्रा.लि.लाई विक्री गरेको रकम अनुसूची १३ मा कम विक्री देखाएको र विक्री खातामा  उल्लेख नगरेको भनी रु.४,९५,३८२।५४ करदाताको मुनाफा र लाभमा समावेश गरी संशोधित कर निर्धारण गरे तर्फ यिनै करदाताले यस न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदन नं.०७८-RB-०१२५ को आयकर मुद्दामा आज यसै इजलासबाट शुरु निर्णय नै सदर हुने ठहरी फैसला भईसकेको हुँदा उक्त फैसलाबाट समेत करदाताले रु.४,९५,३८२।५४ बराबरको विक्री कम देखाई करको दायित्व कम गरेको कुरा स्थापित भइरहेको देखियो। यसरी करदाताले करको रकम कम देखाएको स्थितिमा कर अधिकृतलाई मुल्य अभिवृद्धि कर निर्धारण गर्ने अधिकार मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २० (१) ले प्रदान गरिरहेको हुँदा करदाताले कर परीक्षणबाट देखिएको मिसम्याचलाई अन्यथा पुष्टी गर्न नसकेको स्थितिमा शुरु निर्णय त्रुटीपूर्ण भन्ने करदाताको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

११. तसर्थ माथि उल्लिखित आधार एवं कारण समेतबाट करदाता अत्तारी टेड्र एण्ड सप्लायर्स (स्थायी लेखा नः३०१८१४९६६) को आय वर्ष २०७२/०७३ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७७/०९/२७ मा भएको अन्तिम कर निर्धारण आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८/०३/१३ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठर्हछ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल मध्यमस्तरीय करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमती छ।

(पुष्पप्रसाद गुरागाई)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः खेम कुमारी बस्नेत

कम्प्यूटर टाइपः- कम्प्युटर अपरेटर चन्द्र बहादुर नेपाली

ईति सम्वत् २०७९ साल मंसिर २० गते रोज ३ शुभम् -----------------------------------

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्ने लेखा सदस्यः

राजस्व न्यायाधिकरण काठमाण्डौ मुकाम ललितपुरको छाप

ललितपुरको छाप